नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पी.एस.कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

२०७९/०८/०२

**उत्पादनमूलक ( Manufacturing) क्षेत्र तर्फको दोस्रो चरणको कोरियन भाषा परिक्षा (EPS-TOPIK-2022, UBT) को नतिजा प्रकाशन सम्बन्धमा ।**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, श्रम तथा रोजगार मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MOU) अनुरुप रोजगार अनुमती प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली कामदार पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न HRD Service of Korea बाट मिति २०७९ भदौ २० गते देखि कार्तिक २१ गते ( तदानुसार सन् ५ सेप्टेम्वर, २०२२ देखि ७ नोभेम्वर, २०२२) सम्म सम्पन्न भएको **उत्पादनमूलक क्षेत्रतर्फको दोस्रो चरणको** कोरियन भाषा (EPS-TOPIK-2022, UBT) परीक्षामा जम्मा १८,५९५ जना परीक्षार्थीहरु रहेकोमा परीक्षामा समावेश भएका १४०४३ मध्ये यसैसाथ संलग्न नामावली बमोजिमका ८,७८५ जना उम्मेदवारहरु उत्तिर्ण भएको व्यहोरा HRD Service of Korea बाट प्राप्त भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । **उत्तिर्ण ब्यक्तिहरुको रोजगार आवेदन फाराम (Job Application Form) वितरण तथा दर्ता कार्यको बिस्तृत तालिकाको सूचना यस शाखाबाट पछी प्रकाशन गरिने छ ।**

अन्य परीक्षार्थीहरुले समेत आफ्नो प्राप्ताङ्क निम्न बमोजिम हेर्न सक्नु हुनेछः

- ① Access the website(http://www.eps.go.kr)
- ② Select language(English or local language) and click
- ③ Enter the primary key(individual own) at the "EPS-TOPIK" (eg:- 0062022C505.....)
- ④ Click "go" button and check the result.

पुनश्चः- रोजगार आवेदन फाराम (Job Application Form) भर्नका लागि प्रहरी प्रतिवेदन (Police Report) तथा स्वास्थ्य परीक्षण (Medical Report) मा समेत सफल हुनु पर्नेछ। साथै, राहदानीको म्याद कम्तिमा पनि एक बर्षको हुनु पर्ने छ र कुनै "क" बर्गको बैंकमा आफ्नै नाममा खाता खोली सो को प्रमाण एवं सम्बन्धित ब्यक्तिको ब्यक्तिगत ईमेल ठेगाना अनिवार्य रुपमा सो बखत पेश गर्नु पर्ने ब्यहोरा समेत अनुरोध छ । कोरियन भाषा परीक्षा उत्तिर्ण गर्नु रोजगार आवेदन फाराम भर्न योग्य हुनु हो, कोरियामा रोजगारीको ग्यारेण्टी भने होईन ।

यो नतिजा वैदेशिक रोजगार विभगको वेभसाईट https://dofe.gov.np/ मा समेत प्रकाशित गरिएको छ ।

**(कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको ग्यारेन्टी होइन ।)**

२०७९/८/२

ई.पी.एस कोरिया शाखा